स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री वर्षा सिवाकोटीले नयाँ फिल्म 'माग्ने राजा' सम्झौता गरेकी छन् । यसमा उनको जोडी हास्य अभिनेता केदार घिमिरे 'माग्ने बुढा'सँग बाँधिनेछ । यसअघि उनीहरुले फिल्म 'छक्का पन्जा ५'मा एकसाथ काम गरेका थिए । तर, त्यसमा वर्षाको जोडी भने अभिनेता दीपकराज गिरीसँग बाँधिएको थियो । अब दोस्रोपटक केदारसँग काम गर्न लागेकी वर्षा फिल्मलाई लिएर उत्साहित देखिएकी छन् । केदारसँग उनको 'स्क्रिन केमेस्ट्री' निकै रोचक हुने देखिन्छ ।

**आजको विचार...**



शम्भु कोइराला

**स्थानीय...**

(दुई पेजमा)



साउथका अभिनेता अल्लू अर्जुनलाई प्रहरीले पक्राउ गरेको छ । उनको बहुप्रतिक्षित फिल्म 'पुष्पा २: द रुल'को प्रिमियर शोमा भएको दर्दनाक घटनापछि यो कदम चालिएको हो । ३५ वर्षीया रेवती नाम गरेकी महिला र उनका १३ वर्षीय छोरा श्री तेज गम्भीर घाइते भएका थिए । उनीहरुलाई तत्काल अस्पताल लगिएको भए पनि रेवतीको निधन भयो भने उनका छोराको अवस्था अझै गम्भीर छ । हाल, रेवतीका पतिको उजुरीका आधार मा प्रहरीले अल्लू अर्जुन, उनको सुरक्षा टोली र थिएटर व्यवस्थापनविरुद्ध मुद्दा दर्ता गरेको छ ।

❒ वर्ष ३० ❒ अंक १४१ ❒ २०८१ मंसिर २९ गते शनिबार 14 December 2024, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# प्रविधिसँग जोडिन थाले दुग्ध उत्पादन किसान

रासस

**ढोरपाटन (बागलुङ),** मंसिर २८/ परम्परागत रूपमा पशुपालन गरी दुग्ध उत्पादन गर्दै आएका बागलुङका किसान आधुनिक प्रविधिसँग जोडिन थालेका छन् । जिल्लाको काठेखोला गाउँपालिका र बागलुङ नगरपालिकाका एक हजार छ सय जना किसान प्रविधिको प्रयोग गरी दुग्ध उत्पादनमा लागेका हुन् ।

धवलागिरि सामुदायिक स्रोत विकास केन्द्र बागलुङ र प्राटिकल एक्सन नेपालको सहकार्यमा किसानलाई ५० प्रतिशत अनुदानमा आधुनिक उपकरण उपलब्ध गराएपछि अहिले गुणस्तरीय दूध उत्पादन गर्न थालेका हुन् । दुई पालिकाका आठवटा दुग्ध उत्पादन



सहकारीमा आबद्ध र ४२ वटा व्यक्तिगत फार्म सञ्चालन गर्दै आएका किसानलाई उपकरण उपलब्ध गराइएको थियो । किसानलाई मिल्क एनालाइजर, सोलार वाटर हिटर, चापकटरलगायत आधुनिक उपकरण उपलब्ध गराइएको धवलागिरि सामुदायिक स्रोत विकास केन्द्रका इन्जिनियर साजन आचार्यले जानकारी दिए । बागलुङ र काठेखोलाका दुग्ध उत्पादक सहकारी, सै र व्यक्तिगत फार्ममा आबद्ध किसानलाई गत असोजमा उक्त उपकरण उपलब्ध गराइएको उनको भनाइ छ । इन्जिनियर आचार्यका अनुसार दुई पालिकामा रू ५९ लाख ७५ हजार पाँच सय लगानी गरेको छ । काठेखोला गाउँपालिका-८ लेखानीस्थित गाजा दुग्ध उत्पादक सहकारी संस्थाका अध्यक्ष गुणाखर कँडेलले आधुनिक उपकरण प्रयोग गर्न थालेपछि किसानल दूधको गुणस्तर बढाउन लागेको बताए । दूधको गुणस्तर बढेपछि उचित मूल्य पाउन थालेको उनको भनाइ छ । पहिले गाउँका किसानले उत्पादन गरेको दूधको गुणस्तर मापन गर्न निकै झण्झटिलो रहेको अहिले सहज बनेको अध्यक्ष कँडेलले बताए । काठेखोला गाउँपालिका-६ का दुग्ध उत्पादक किसान सुरेश कँडेलले आधुनिक उपकरणको प्रयोग गर्न थालेपछि पशुचौपाया निरोगी हुँदै गएपछि दूध उत्पादन पनि बढेको बताए । आफूले सोलार वाटर हिटर प्राप्त गरेपछि भैँसीलाई समय-समयमा तातोपानीले नुहाइदिएपछि निरोगी भएको सुनाउँदै धुँवारहित गोठ बनेको उनको भनाइ छ । कँडेलले भने, 'पहिले गोठमै कुँडो पकाउनुपर्थ्यो, धुँवाले गर्दा वस्तुभाउ बिरामी पर्थे, दाउराको खपत बढी हुन्थ्यो, तर अहिले सोलारबाट पानी तताउन थालेपछि समयको बचतसँगै घरगोठ धुँवारहित बनेको छ, यसले मान्छेको स्वास्थ्यमा समेत असर गरेको छैन भने दूध पनि पहिलेको तुलनामा केही बढी उत्पादन हुन थालेको छ ।' धवलागिरि सामुदायिक स्रोत विकास केन्द्र बागलुङकी अध्यक्ष सिर्जना थापाले किसानलाई प्रविधिसँग जोडेर जीविकोपार्जनमा टेवा पुर्याउने हिसाबले आधुनिक उपकरण अनुदानमा सहयोग गरेको बताईन् । किसानले उपकरणको प्रयोग गर्न थालेपछि दूध उत्पादनमा थप मद्दत पुगेको उनको भनाइ छ । प्रविधिको प्रयोग गरेको छोटो समयमै उनीहरूको व्यवसाय राम्रो हुँदै गएको अध्यक्ष थापाले बताईन् ।

## संक्षिप्त समाचार

### मुग्लिन-पोखरा सडक अवरुद्ध हुने



**पोखरा**, मंसिर २८/मुग्लिन-पोखरा सडकअन्तर्गत शुक्लागण्डकी नगरपालिका-२ कोत्रे खण्डमा पाँच दिन सडक अवरुद्ध हुने भएको छ ।

जामुने बजारदेखि कास्कीको सेतीपुलसम्मको सडक स्तरोन्नति थालिएकाले शुक्रबारदेखि पुस २ गतेसम्म बिहान ८:०० देखि साँझ ६:०० बजेसम्म सवारी आवागमन बन्द हुने तनहुँ जिल्ला प्रहरी कार्यालयले जनाएको छ । साथै उक्त कार्यालयले वैकल्पिक बाटो प्रयोग गर्न यातायात व्यवसायी एवं यात्रीलाई अनुरोध गरेको छ ।

## आगो, हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔं

- आगो वा हिटर नजिकबाट नतापौं,
- कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजिकै नराखौं,
- कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं,
- हिटरलाई समय समयमा बन्द गर्ने गरौं,
- आगो वा हिटर बन्द गरेरमात्र सुतौं,
- आगो, हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
- गिजरलाई बाथरुम बाहिर खुला ठाउँमा जडान गरौं,
- बाथरुममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं,
- गिजर खोलेर लामो समयसम्म बाथरुममा नबसौं,

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## कर्मचारी आवश्यकता

**सारा मोटर कर्प्स**का लागि केही कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक योग्य नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**संख्या :** महिला १ (एक), पुरुष ३ (तीन)

**योग्यता :** +२ उत्तीर्ण

**तलव :** नियम अनुसार

**आवेदन दिने अन्तिम मिति :** २०८१/०८/३० गते सम्म ।

आवेदकले आफ्नो बायोडाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।

*(नोट : कम्प्यूटर सम्बन्धी ज्ञान भएको, मोटरसाइकल, स्कुटीको लाइसेन्स भएको र अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।)*

**सारा मोटर कर्प्स**

होलाङ्दी, तानसेन, पाल्पा

सम्पर्क नं. : ९८५७०८२५०१

E-mail : saramotorsales@gmail.com

## पाल्पा पत्रकार महासंघ निर्वाचन : ९४ प्रतिशत मत खस्यो



**पाल्पा,** मंसिर २८/पत्रकारहरुको छाता संगठन नेपाल पत्रकार महासंघ पाल्पा शाखाको शुक्रबार भएको निर्वाचनमा ९४ दशमलव २० प्रशित मत खसेको छ ।

शाखामा रहेका कुल ६९ जना मतदाता मध्ये ६५ जना अर्थात् ९४ दशमलव २० प्रतिशतले मतदान गरेका हुन् । एक जना अध्यक्ष, एक सचिव र एक जना दलित सदस्यका लागि भएको निर्वाचनमा ६५ जनाले मतदान गरेको निर्वाचन समितिका संयोजक गोविन्द भट्टराईले जानकारी दिए । अध्यक्षमा नेपाल प्रेस युनियन र प्रेस चौतारीका साझा उम्मेदवार कमलराज तिमिल्सेना र प्रेस सेन्टरका कृष्ण दर्नालको उम्मेदवारी परेको थियो । यस्तै सचिवमा नेपाल प्रेस युनियन र प्रेस चौतारीका साझा उम्मेदवार रामचन्द्र रायमाझी र स्वतन्त्रबाट भोजराज भट्टराईको उम्मेदवारी परेको निर्वाचन समितिका सदस्य जोगबहादुर विकले जानकारी दिए ।...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## नेतालाई खबरदारीको गरौं

जनतामा यति बेला राजनितिक दलहरुप्रती वितृष्णा पैदा भएको छ । नेताले जनभावना अनुसार काम गर्न नसक्दा जनताहरु असन्तुष्ट हुनु स्वभाविक नै हो । 'जनता गई भाडमें' सोच राख्ने देशको ठूला पार्टीका नेतृत्वप्रति साँच्चै अहिले नागरिकमा चरम असन्तुष्टि छ । विशेषतः नयाँ पिढीमा यस्तो राजनीतिक असन्तुष्टि बढिदिँदा नयाँ दलहरूप्रतिको आकर्षण देखियो । नागरिकलाई सधैं दास सम्झने प्रवृत्तिका कारण यस्तो राजनीतिक नतिजा आएको हो भन्दा फरक पर्दैन । नेतृत्वले आफुलाई सर्वेसर्वा ठान्ने, भुई मान्छेका कुरा नसुन्ने, पदमा पुगेपछि जनजीवीकाका समस्याप्रति बेवास्ता गर्ने प्रवृत्तिका कारण नयाँ दल आफूलाई स्थापित गर्ने लाइनमा छन् । यसलाई परिवर्तनको नयाँ शीराका रूपमा लिदा फरक पर्दैन । जसले जतिसुकै इन्कार गरे पनि राजनीति गर्नुको उद्देश्य सत्ता प्राप्ति नै हो । तर प्राप्त सत्ता देश र जनताको हितमा अधिकतम प्रयोग गर्ने विषय भने सधैं विस्मृतिमा पर्दै आएको देखिन्छ । यो अत्यन्तै दुःखद् कुरा हो ।

राजनीति आमजनताको सरोकार हुनुपर्ने भनिए पनि राजनीतिक दलका नेता र कार्यकर्ताको क्रियाकलापले गर्दा आममानिसमा राजनीतिप्रति लगावको भावना बढेको देखिँदैन। जसलाई राजनीतिप्रति थोरबहुत चासो छ, तिनीहरु स्वयं वा तिनका व्यक्तिहरुको हितका प्रयोजनले गर्दा हो भन्नुलाई अतिशयोक्तिका रुपमा लिनु नपर्ला । राजनीतिप्रति वितृष्णा र अलगावको भावना उब्जनु देश र जनताको हितको सवालमा राम्रो होइन । तर यो नेपाली राजनीतिको तीतो यथार्थ बन्न पुगेको छ। यसमा तर्क गर्न सकिएला तर तथ्यलाई नजरअन्दाज भने पक्कै गर्न सकिन्न । जबसम्म नेता र नेतृत्व सच्चिन्न तबसम्म जनतामा असन्तुष्टि बढ्दै जान्छ । जनताले पनि आफ्नो नेतृत्वलाई बेला बेलामा खबरदारी गर्न आवश्यक छ । यसो भयो भने मात्र समाज र देश बन्छ ।

## Opinion @ Social Network

एउटा हत्यारा देशको प्रमुख पदमा बस्छ, उसले कति सजाय पायो जेलमा त्यही अनुसारको सजाय अरुलाई पनि गराउँछ,उसको अनुभव त्यही हो !

(गणेश गौतमको फेसबुक स्टाटस *https://www.facebook.com/Ganesh Gautam*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# स्थानीय तह उपनिर्वाचन र मतदाताको मन



शम्भु कोइराला

**नमागिएको सल्लाह :**
यही महिनाको मध्यमा भएको स्थानीय तह उपनिर्वाचन सकिएको छ । प्राप्त नतिजा संसद्का दुई ठूला दल कांग्रेस र एमालेलाई खुशी दिने किसिमको छैन । दुई ठूला दल मिलेका कारण जनतामा उत्साहको सञ्चार गरेको छ भन्ने बुझाइलाई पनि चुनावी परिणामले अनुमोदन गरेन । माओवादी प्रभाव क्षेत्रमा दुई ठूला दल मिल्दा पनि विजयी बन्न सकेनन् । दुई ठूला दल मिलेर पनि पराजय भोग्नुपरेको मात्र होइन दुवै दलले कसैको वैशाखी नटेकी एक्लाएक्लै चुनाव लड्ने भनी गरेको निर्णयको उल्लंघन भएको अवस्था रफयो । स्थानीय तहको निर्वाचनको सामान्य पदाधिकारीका लागि भएको सैद्धान्तिक विचलन र पराजयलाई यी दलले पाठको रूपमा लिए कि लिएनन् पछिका घटनाक्रमले बताउँदै जालान् ।

काठमाडौं महानगरपालिका वडा-१६ को नतिजा सन्देशमूलक छ भने मोरङको नतिजा अप्रत्याशित छ । कीर्तिपुरको मेयरमा कांग्रेसले मुश्किलले आफ्नो सिट जोगाउनमात्र सकेको छ । यस उपचुनावमा कांग्रेसले बढी सिट जिते पनि पुराना आफ्नो सिट सुरक्षित गर्न सकेन भने एमालेले पनि अपेक्षित उपलब्धि हासिल गर्न सकेन । माओवादीलाई उपचुनावले उत्साहित बनाएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी अन्य क्षेत्रमा सफाया भए तापनि काठमाडौं वडा-१६ को ऐतिहासिक चाक्सीबारी क्षेत्रमा विजयी भएको छ । यो आलेखमा गएको स्थानीय तह उपनिर्वाचनबाट प्राप्त परिणामलाई आधार बनाएर चर्चा गरिनेछ ।

**सरकार र जनताको खुशी :** समग्र परिणाम नियाल्दा मतदाता सरकारसँग खुशी रहेको भन्न सक्ने अवस्था रहेन । प्रमुख प्रतिपक्षी पार्टी माओवादीले नक्कली भुटानी शरणार्थी प्रकरण, बालमन्दिर जग्गा प्रकरण, ललिता निवास प्रकरणलगायत केही विवादमा चालेको कदमलाई जनताले अनुमोदन गरेको हो कि भन्न सक्ने अवस्था बनेको छ । दुई ठूला पार्टीको शीर्ष नेतृत्वतर्फ अनुसन्धान सोझिएकाले ठूला पार्टी एक ठाउँमा आएको भन्ने माओवादी सरकारबाट हटेपछिको भनाइले जनतामा प्रभाव पारेको भन्न सकिन्छ । सरकारसँग जनता रिसाउनु, सरकारले र ठूला पार्टीहरूले निर्णय गर्दा जनताले के सोच्लान् भन्ने नै सोची रैती जस्तो ठानी बलमिच्याइँ गरेका केही घटनाको चर्चा गर्न उपयुक्त हुन्छ । प्रधानमन्त्रीको पार्टी एमालेको पार्टी कार्यालय अतिवृष्टिको कारण क्षतिग्रस्त भएको थियो, त्योभन्दा अगाडिको कार्यालय भूइँचालोले बस्नु नहुने भएको थियो । ठूलो पार्टीको सुहाउने किसिमको कार्यालय हुनुपर्छ यसमा विवाद भएन । कुनै व्यापारीबाट दान दिएको भनी जसरी हतार-हतार उद्घाटन गरियो त्यो विषय सर्वसाधारणलाई मन परेन । एमालेका धेरैजसो कार्यकर्तामा उत्साह छायो होला । तर त्यस पार्टीभित्र पनि मूल्यको राजनीति गर्नेहरूलाई चित्त बुझेन । जसले विरोध गरे उनीहरूलाई कारबाहीको डण्डा प्रयोग गरियो । रवि लामिछानेलगायतले जिवी राईलाई अगाडि सारेर मुलुकका प्रमुख शहरमा सहकारी खोलेर रकम संकलन गरेको र त्यस्तो रकमको अपचलन गरेको विषय स्थापित जस्तै भएको छ । यो विषयलाई पछिल्लो समयमा उनैले पनि स्वीकार गरिसकेका छन् । जनताको प्रश्न छ रविलाईमात्र किन ? नक्कली भुटानी शरणार्थी प्रकरणलगायतको अनुसन्धान किन रोकेको ? यसको भरपर्दो जवाफ सरकरले दिन सकेको छैन । कारबही अघि बढाउँन सम्बन्धित निकाय स्वतन्त्र छन् भन्ने सरकारी मानिसको ओठे जवाफलाई दलीयकरणको शिकार बनेको राज्यसंयन्त्र भएका कारण जनताले पत्याएका छैनन् । अनि रवि र उनका मानिसले भन्ने गरेको प्रतिशोध साधेको भन्ने भनाइ पनि बिकाउ बन्न लागेको हो कि भन्ने प्रमाण त काठमाडौं महानगर पालिका वडा-१६ को परिणामले देखाएको छ । सरकार कतिसम्म हेपाहा छ भन्ने कुरा त प्रदेशतिरका एक मन्त्रीलाई मानव तस्करीबाट दरपीठ गरी उन्मुक्ति दिने र मन्त्रीले बोकेर लगेका मानिसलाई कारबाही गर्ने निर्णय, उपनिर्वाचनको पूर्वसन्ध्यामा गर्नुबाट बुझ्न सकिन्छ । ग्रामीण मतदातामा यसको प्रभाव पुग्न समय लाग्दछ, त्यस्ता क्षेत्रमा पार्टीको संगठनले पनि काम गर्दछ तर काठमाडौं महानगरलगायत क्षेत्रमा यस्ता घटना प्रत्युत्पादक बन्दछन् । यो घटनाबाट जनता असन्तुष्टमात्र होइन आक्रोशित छन् भन्ने तथ्य बुझ्न केही सार्वजनिक स्थानमा हुने चियागफ सुन्नु नै पर्याप्त छ । जनताको जीवनस्तरमा सुधार मृगमरिचीका जस्तो भएको छ । अर्थतन्त्रको बाफय क्षेत्रमा सुधार भनियो, यसले जनताको दिनचर्यामा केही परिवर्तन आएन । व्याज महँगो भयो, एकल अंकमा ल्याएपछि कर्जाको माग बढ्छ भनियो त्यसो भएपछि पनि कर्जाको माग नबढेका कारण खर्बौं रुपैयाँ बैंकमा थुप्रिएको छ । कर्जा नगएका कारण लगानी भएन, रोजगारी पनि भएन । वैदेशिक रोजगारमा जानेको लर्को बढ्दो छ । सेवा प्रवाहमा सुधारको विषय यदाकदा भाषणमा उठ्ने गर्छ तर जनता सरकारी कार्यालयमा गएर आएपछि टाउको समाएर सुस्केरा हाल्नुपर्ने अवस्थामा सुधार आएको छैन । सरकारी कार्यालय टेक्नु नपरे हुन्थ्यो भन्ने आममानिसको धारणा कायमै छ । युवा उमेरको रहेछ भने विदेशमा जाने नजाने भन्ने दोमनको रहेछ भने सरकारी कार्यालयको सेवा प्रवाह देखेर पलायन हुने निष्कर्षमा पुग्दछ । सत्ताधारी प्रधानमन्त्रीको दल एमालेले उपत्यकाकै मुटु दरबारमार्गमा केही हजार मानिस उतारेर यसै महिना शक्ति प्रदर्शन गऱ्यो । शहरको ट्राफिक व्यवस्थापन अस्तव्यस्त भयो । प्रधानमन्त्रीकै दलले कामकाजी जनतालाई सास्ती दिने गरी गरेको भेला किमार्थ उचित थिएन । यो संवेदनहीनतालाई मतदाताले मन मुटुमा राखेकाले उक्त उपनिर्वाचनमा एमालेलाई जनताले माओवादीभन्दा पछि पुऱ्याएको भन्न सकिन्छ । मतदाताले यो निर्वाचनमा धारणा बनाउन नपाए पनि अर्को निर्वाचनलाई साँचेर राखेको विषय हो, चीनसँग भएको बिआरआई कार्यान्वयन सम्झौतामा समेटिएका दुई बुँदा-डडेल्धुराको अमरगढीमा सभागृह बनाउने, झापामा स्पोर्ट्स एण्ड एथलेटिक्स कम्प्लेक्स बनाउने । सत्ता साझेदार दुई हस्तीको तल्लो स्तरको स्वार्थी सोचलाई मतदाताले आगामी दिनमा व्यक्त गर्न मनको कुनाको डायरीमा टिपोट गरेको हुनुपर्छ । मतदाता चाहन्छ-आदर्शको प्रतीक उच्च नैतिक चरित्रको अनुकरणीय नेता । फेलापर्छ-स्वार्थी र लोभी नेता । अनि समाज र व्यक्तिले के सिक्ने ? यस्ता कृत्यले समाज सही गन्तव्यमा पुग्ला भनी कसरी अपेक्षा गर्ने ? नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई प्रधानमन्त्री र उनको पार्टीले नमानेता पनि धेरै नेपाली जनताको मनमा उज्यालो नेपालका नायक भन्ने छाप परेको छ । सरकार उनीप्रति धेरै पटक जाइलागिसक्यो ।

**मतदातामा भविष्यप्रतिको आशा :**
मानिस वर्तमानबाट असन्तुष्ट भए तापनि भावी दिन राम्रा आउलान् भनेर सुखद् भविष्यको कल्पना गर्दै दु:खका दिन गुजारिरहेको हुन्छ । वर्तमान प्रधानमन्त्री कटु वचनमा सही-जनतासँग सम्वाद त गरिरहेका हुन्छन् । तर डेढ वर्षपछि नेपाली जनताले पाउने भावी नेता हुन्, शेरबहादुर देउवा । वहाँको बारेमा धेरै कुरा नगरीयत्तिमात्र भनौं, अबको दुई वर्षपछिको नेपाली मतदाताको भरोसा वहाँमा रहने छैन । प्राविधिक रूपमा बहुमतको प्रधानमन्त्री बन्नुहोला, आगामी चुनावमा वहाँ वा वहाँले समर्थन गरेको मानिसलाई आफ्नो चुनाव क्षेत्रमा चुनाव जिताउन पनि सक्नुहोला तर नेपालको प्रगति र उन्नतिका लागि आशालाग्दो नेता बन्न सक्नुहुन्न, दुई वर्ष पछिको दुई वर्ष पनि यसै खेरजाने अवस्था छ । निर्वाचनमा मतदान गर्ने बेलामा मतदाताको मनमष्तिष्कमा त्यो पार्टीको शीर्षस्थ नेताको तस्वीर घुमिरहेको हुन्छ, नेपाली कांग्रेसले वर्षौंदेखि भोग्दै आएको समस्या गएको उपचुनाव भोगेको छ । कीर्तिपुर नगरलगायतका जितलाई प्राविधिक जितमात्र मान्न सकिन्छ ।

**मतदाताको मन :** मतदाताको निर्णय पनि दीर्घकालीन रूपमा प्रत्युत्पादक भएका उदाहरण नेपाल र अन्यत्र धेरै छन् । मिर्जा दिल्साद वेग, महम्मद अफताव आलम, दीपक मनाङ्गेहरू पनि जनताबाटै निर्वाचित हुन् । नक्कली नागरिकता काण्डपछि रवि लामिछानेलाई चितवनबाट अत्यधिक मतले जिताउने पनि बुझेका शहरी मतदातै हुन् । विश्वलाई सताउने हिट्लर जननिर्वाचित नै थिए । हालसालै भएको उपनिर्वाचनबाट महान् अमेरिकी नागरिक्ले इलेक्टोरल र लोकप्रिय दुवै मतबाट डोनाल्ड ट्रम्पलाई निर्वाचित गरेका छन् । नश्लभेदी, आप्रवासीप्रति हिंसक, स्त्री द्वेषी, अदालतमा तीनदर्जन जति मुद्दा खेपिरहेको, पुँजीपतिको पुँजी वृद्धि गर्नुपर्छ भन्ने मान्यता राख्ने, बोलीको ठेगान नभएको, बाहिरी जगत्सँग के मतलब भनेर विश्व मामिलामा अमेरिकी नेतृत्वलाई कमजोर बनाउन इच्छा राख्ने, विलासी स्वभावका कारण सधैं विवादास्पद व्यक्तिलाई अमेरिकी मतदाताले मन पराउनु विश्वका बौद्धिक चेत भएका मानिसका लागि विश्मयको विषय भएको छ । गएको निर्वाचनमा जापानलाई आधुनिक जापान बनाउने श्रेय बोकेको त्यहाँको लिवरल डेमोक्रेटिक पार्टी (एलडीपी)लाई मतदाताले पूर्ण बहुमत दिएनन् । श्रीलंकालाई वर्षौंदेखि तामिल विद्रोहले पिरोलिरहेको थियो । तत्कालीन राष्ट्रपति महेन्द्र राजापाक्षेले उक्त विद्रोहलाई दमन गरेर शान्ति कायम गरे । त्यसको पुरस्कार स्वरूप विद्रोह दमनपछिको चुनावमा निर्वाचित पनि गराए ।

राजापाक्षे परिवारको कुशासनका कारण मुलुकको आर्थिक अवस्था टाट पल्टियो । हालसालै भएको राष्ट्रपतिको चुनावमा र संसद्को चुनावमा श्रीलंकाको पहिले भएको निर्वाचनमा जम्मा तीन सिटमात्र भएको वामपन्थी पृष्ठभूमिको दल राम्रो मतकासाथ विजयी भयो । राजापाक्षेलाई अनुरा कुमारा दिशानायकेको ज्वारभाटाले किनारमा पुऱ्याइदियो । केही महिनाअघि मात्र भएको निर्वाचनमा बंगलादेशमा शेख हसिना, संसद्मा विपक्षीविहीन जस्तो अवस्थामा प्रधानमन्त्री बनिन् तर केही महिनाभित्रै भएको विद्यार्थीको विद्रोहले देश छोडेर शरणार्थी बन्नुपर्ने अवस्था आइलाग्यो । श्रीलंका र जापानको उदाहरणबाट अहिलेका मतदाताले विगतमा लगाएको गुनलाई सधैं सम्झिरहँदैनन् भन्ने बुझिन्छ, बंगलादेशको उदाहरणबाट प्राविधिक रूपमा चुनावमा शक्तिशाली देखिए तापनि जनभावनालाई कदर गरिएन भने चपरीमुनिको बास हुन्छ भनेर बुझ्न सकिन्छ भने भर्खरै संयुक्त राज्य अमेरिकामा भएको चुनावबाट जनताले सधैं सही निर्णय नगर्न सक्छन् भनेर बुझ्न सकिन्छ । संयुक्त राज्य अमेरिकाको मतदाताको रुझान् हेर्दा भन्न सकिन्छ, मतदाता आफ्नो दैनिकीको सहजता र निजी सुख सुविधामा केन्द्रित बन्न थालेका छन् । नागरिकता पाएका अमेरिकी आप्रवासीको हकमा त भन्न सकिन्छ-उनीहरूले अमेरिका बसेर आफूले सिँढी चढेपछि अरू त्यो सिढी नचढोस् भनेर भऱ्यांग काट्ने सीप हासिल गरेका छन् । सीमित क्षेत्रमा हालै भएको नेपालको उपनिर्वाचनको सन्दर्भमा यत्रो लामो कथा जोड्न आवश्यक थियो कि थिएन चर्चा गर्न सकिएला । कुरा के हो भने-नेपालको २०८४ मा हुने निर्वाचनमा नेपाली जनताले विगतको गुन बिर्सन सक्छन् । गएको निर्वाचनमा ठूला देखिएका सरकारमा रहेका कांग्रेस र एमाले पार्टीप्रति हुने आक्रोशको फाइदा प्रमुख प्रतिपक्षले उठाउन सक्छ । मतदाताको मन ऊबाहेक कसैको अधिनमा छैन । नेपालको चुनावमा आप्रवासी नेपालीहरूको कानेखुशीले पनि अर्थ राख्न थालेकाले रविका अपराध क्षम्य बन्न सक्ने सम्भावना रहनेछ । अझै समय बितिसकेको छैन । कुनै निर्णय गर्दा सूचनाको पहुँच भएका र आत्म निर्णय गर्नसक्ने मतदाताले आफूले गरेको निर्णयबारे जनताले के सोच्लान् भनेर विचार गर्न सकियो भने सधैं सुधारको गुन्जाइस रहन्छ । गएको स्थानीय तह उपनिर्वाचनको समीक्षा कर्मकाण्डी तवरले गरिन्छ कि सुनिका लागि ? त्यसैबाट दलहरूको सफलता र असफलताको निर्धारण हुनेछ ।

**-इहिमालयटाइम्स डटकम**

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : परिवारबाट सहयोग मिल्नेछ । नयाँ ठाउँमा भ्रमणजाने मौका मिल्नेछ । | **तुला** : बन्धु बान्धवबाट सहयोग मिल्नेछ । आर्थिक लाभ पनि रहनेछ। |
| **वृष** : नयाँ कार्यको योजना बन्ने छ । नजिकको व्यक्तिबाट काम सफल हुनेछ। | **वृश्चिक** : शरीरमा स्फूर्तिको कमी हुने छ । काम गरे सफल भइनेछ। |
| **मिथुन** : काममा अपेक्षाकृत सफलता हात पर्नेछ । काम गर्ने जोशजाँगर बढ्नेछ । | **धनु** : शुभकार्यको चर्चा चल्नेछ । नयाँ जिम्मेवारी पाइएला । |
| **कर्कट** : आँटेको र ताकेको कार्य पुरा होला । समस्या सुल्झाउन पनि सकिनेछ। | **मकर** : समय उपयुक्त रहेको छ। स्वास्थ्यमा कफ जनित समस्या बढ्नेछ। |
| **सिंह** : समय मध्यम खालको रहेको छ। कार्यबाट मन सन्तुष्ट नहुनसक्छ । | **कुम्भ** : व्यवसायका लागि गरिएको यात्राबाट लाभ मिल्नेछ। |
| **कन्या** :लाभदायक र खुसीको यात्रा हुनेछ। कुनै कुराले मनमा शान्ति छाउनेछ। | **मीन** : कलामा रुचि बढ्नेछ। नोकरी वा पेशामा प्रतिद्वन्दीहरू हार खानेछन्। |

# साहित्य दर्पण

बाल चित्रकथा

## ‘गुरुमापा’ मा इतिहास र किंवदन्ती

किंवदन्ती शृंखलाअन्तर्गत कथालयले बाल चित्रकथा ‘गुरूमापा’ बजारमा ल्याएको छ । यो इतिहास र किंवदन्तीसँग सम्बन्धित कथा हो । पुस्तकका लेखक भिक्टर प्रधान हुन् भने यसमा रवीन्द्र मानन्धरले चित्र बनाएका छन् ।




पुस्तकको पहिलो कथा प्राचीन काठमाडौँको केन्द्रमा रहेको इतुमबहालको परिवेशबाट शुरु हुन्छ । यहीँका स्थानीय व्यक्ति केशचन्द्र जुवाका लती थिए । हार्दै गएपछि एकदिन उनी दिदीकहाँ पुगे । दिदीले सुनको थालमा खाना दिएकी थिइन् ।

खाना खाइसकेपछि केशचन्द्रको लोभ थालप्रति जाग्यो । दिदीको आँखा छलेर लिएर भागे र त्यही थाल पनि जुवामा हारे । यसरी क्रमश: दिदीकहाँ गएर कहिले चाँदी त कहिले काँसको थाल चोरेर जुवामा हार्न थाले । दिदी दिक्क भएपछि एकदिन भुइँमै भात दिइन्, उनले कपडामा पोको पारेर त्यहाँबाट हिँडे । रुखको छहारीमा सुस्ताएका बेला एक राक्षस आइपुगे र उनलाई खान खोजे । केशचन्द्र चलाख पनि थिए र राक्षसलाई मामाको साइनो लगाएर फकाउन थाले । उनले आफ्नै घरमा लिएर आए ।

तर अचानक छरछिमेकका बालबालिका गायब हुन थाले । केशचन्द्रले राक्षस पालेको थाहा पाएपछि गाउँलेले के गरे होलान् ? यस्तै अर्को कथा तिब्बती बौद्ध गुरु मार्पासँग सम्बन्धित छ । बाल्यकालमा रिसाहा र उद्दण्ड स्वाभावका उनी बुद्ध धर्मको ज्ञान लिन भारतसम्म पुगेको रोचक यात्रा वर्णन यसमा छ । गुरु नरोपाबाट उनले तन्त्र विद्यासहित धेरै ज्ञान लिएर तिब्बत फर्किएको कथा पनि समावेश छ । कतिपयले गुरुमार्पा नै काठमाडौँमा गुरुमापाका रूपमा आएको पनि भन्छन् क्ष त्यसैले यसमा गुरुमापा र गुरुमार्पाको भिन्दाभिन्दै कथा भए पनि त्यो कतै न कतै जोडिएको पाइन्छ । पुस्तकका लेखक भिक्टर प्रधान नेपाल बालसाहित्य समाजका पूर्वअध्यक्ष हुन् । उनी लामो समयदेखि बालसाहित्यको विकासका लागि अनुसन्धान, लेखन र अनुवाद कार्यमा सक्रिय छन् ।

बालसाहित्यका कयौँ पुस्तक सम्पादन तथा अनुवाद गरिरहेका उनी बौद्ध दर्शन र इतिहासका अध्येता पनि हुन् । उनको पहिलो रचना ‘बौद्ध दर्शन र प्रजातन्त्र’ शीर्षकमा २०३१ सालमा प्रकाशित भएको थियो । त्रिभुवन विश्वविद्यालयमा नेपाली भाषाका प्राध्यापक रहिसकेका उनले पछिल्लो समय उपन्यास ‘विडुडव र कपिलवस्तुको पतन’ ल्याएका छन् । यो पुस्तक पाँच वर्ष वा त्यसभन्दा माथिका बालबालिकालाई पढेर सुनाउन, पुस्तकबारे छलफल गर्न तथा नौ वर्षमाथिका बालबालिकाले आफै अध्ययन गर्न उपयुक्त छ । ३२ पृष्ठ रहेको पुस्तकको मूल्य ३७५ रुपैयाँ राखिएको छ । किंवदन्ती शृंखलाअन्तर्गत नै यसअघि ‘बौद्ध स्तूप’ बाल चित्रपुस्तक बजारमा उपलब्ध रहेको कथालय इन्ककी सीईओ सुनिती अमात्यले बताइन् । **-हाम्राकुरा डटका**

## व्यवसायिक भवनको वास्तु नियम !



**ज्योतिष मुकुन्द पोखरेल**

व्यापारिक व्यवसायिक भवन निर्माणसँग सम्बन्धित वास्तुशास्त्रीय नियमलाई नै कर्पोरेट बास्तु नियम भनिन्छ। आवासीय क्षेत्रको वास्तु व्यवसायिक क्षेत्रको वास्तु नियमबीच सामान्य भिन्नता देखिन्छ । सामान्यतया वास्तु सिद्धान्तको आधार पञ्चतत्व नै हो। संसारका अति पनि पदार्थ र चिजबीज छन् ती सबै जल, पृथ्वी, वायु,तेज, आकाशजन्य छन् । यि सबलाई आधार मानेर निश्चित व्यापारिक लाभका लागि अपनाइने वास्तुशास्त्रीय अद्धान्तलाई कर्पोरेट वास्तु भनिन्छ । भवन वा बजार निर्माण गर्दा विचार गर्नुपर्ने वास्तुनियमहरू संक्षेपमा यस प्रकार उल्लेख गर्न सकिन्छ

**१.** उद्योगपतिको कार्यकक्ष ईशान वा नैर्ऋत्यमा बनाउनुपर्दछ ।

**२.** औद्योगिक भवनको दक्षिण वा नैऋत्यमा कच्चापदार्थ राख्नुपर्दछ भने वायव्यकोणमा तयारी सामान राख्नुपर्दछ।

**३.** उद्योगको नैऋत्य र दक्षिणदिशामा प्रवेशद्वार, गहिरो खाडल बनाउनु हुँदैन । औद्योगिक क्षेत्रको भूमि पूर्वोत्तरकोणमा बढेको राम्रो हुन्छ । औद्योगिक क्षेत्रको माटो पहेँलो वा कालो रङ्गको भए शुभ रहन्छ ।

**४.** उद्योगमा प्रयोग गरिने मेसिनहरू दक्षिणतर्फ राख्नुपर्दछ ।

**५.** मेसिन चलाउने कामदारको मुहार पूर्व, ईशान वा उत्तर फर्किनु पर्दछ ।

**६.** जलजन्य पदार्थ ईशान वा पश्चिममा, खाद्यान्न नैत्रऋत्यमा, मेसिन दक्षिण, वाश्धजन्य पदार्थ वायव्यर्कोणमा र सवारी साधन अर्थात् गाडीहरू आग्नेयकोणमा राख्नुपर्दछ ।

**७.** दोकान, पसलको सटर पूरा खोलेर व्यापार वा निर्माण कार्य गर्नुपर्दछ । धनसार तथा पैसाको घर्रा आर्थिक कारोबार गर्ने व्यक्तिको दाहिने हाततर्फ हुनुपर्दछ ।

**८.** जसको दैलो पश्चिम वा उत्तरतिर खुल्ने हुनुपर्दछ । पसलको भन्रह्याङ्को पाउदान अर्थात् खुट्किलाको संख्या १, २, ७, ९ मिलाई आउने हुनुपर्दछ ।

**९.** पसलमा सामान भरिपूर्ण रहनुपर्दछ । मार्गवेध, द्वारवेध हुनु राम्रो मानिदैन । सरसफाइ र सजावटमा विशेष ध्यान दिनुपर्दछ । चाहे पसलमा होस् वा औद्योगिक कारखानामा होस् ।

**१०.** पसल या फ्याक्ट्रीको ईशानकोणमा पूजास्थल र सामान जाने मार्ग बनाउनुपर्दछ ।

**११.** कच्चापदार्थ भित्रिने मार्ग वायव्यकोणबाट हुनुपर्दछ । धनसार, धरिन वा बीममुनि पर्ने गरी राख्नुहुँदैन । बीममुनि बसेर कुनै पनि कारोबार गर्नु हुँदैन ।

अफिस या दोकान पूर्वमुखी, उत्तरमुखी शुभ रहन्छ ।

**१२.** सिलिङ्गमा फल्स लगाइन्छ भने पहिले नै बीममा तामाको तार लगाउनु पर्दछ र आग्नेयकोणमा रातो बल्ब लगाउनु पर्दछ ।

**१३.** अस्थायी कर्मचारीका लागि वायव्यकोणमा बस्ने सुत्ने व्यवस्था गर्नुपर्दछ । शौचालय नैऋत्य र पश्चिमको बीचमा अथवा पश्चिम र वायव्यकोणको बीचमा बनाउनुपर्दछ ।

**१४.** प्रशासनिक कार्यका लागि बनाइने भवन औद्योगिक भवनभन्दा अग्लो राख्नु हुँदैन । फ्याक्ट्रीको पानी पूर्व या उत्तरतर्फ झर्नुपर्दछ ।

**१५.** गोदामघर गहिरो राम्रो हुन्छ भने पछाडि सुकेको अगाडि फुकेको तथा समतल पसल राम्रो मानिन्छ । कार्यालय तथा पसलको मोहडा पूर्व या उत्तर शुभ रहन्छ ।

रामनारायण देव

## मैथिली महाकवि विद्यापतिको साहित्य साधना

मैथिली साहित्यकार मैथिली साहित्यका सुविख्यात व्यक्तित्व एवं कविकोकिल विद्यापति साँच्चै नै मैथिली भाषा र साहित्यका एक केन्द्रबिन्दु थिए । आजभन्दा करिब सात शताब्दीअघि नै रचित उनका गीत, कविता र पदावलीहरू अहिले पनि मिथिलाञ्चलका जनजिब्रोमा जीवन्त छन् । उनका साहित्यिक रचनाहरू वीर, करुण र शृंगाररसले भरिपूर्ण छन् ।



बहुमुखी प्रतिभायुक्त महाकवि विद्यापतिको जन्म १३५० इ.मा मिथिलाञ्चलको मधुबनी जिल्लाअन्तर्गत बिसफी भन्ने गाउँमा भएको थियो। हुन त कुनै प्रामाणिक जन्मकुण्डली नभएकाले उनको जन्मतिथिबारे विभिन्न विद्वान्हरूबीच फरक-फरक मत रहेको छ । तथापि महाकविद्वारा लिखित विभिन्न समयका तथ्य-प्रमाणहरू ( सामग्रीहरू) का आधारमा उनको जन्मतिथि निर्धारण गरिएको हो । त्यस्तै उनको मृत्युका बारेमा पनि निश्चित तिथि नहुँदा उनीद्वारा मृत्यु हुने बेलामा रचित श्लोक (जस्तो ‘विद्यापति आयु अवसान कार्तिक धवल त्रयोदशी जान’)का आधारमा प्रत्येक साल कार्तिक शुक्ल पक्ष त्रयोदशीका दिन उनको स्मृति दिवस मनाइँदै आएको छ । केही विद्वान्हरूद्वारा उनको मृत्यु १४३६ इ.मा भएको मानिएको छ भने कसैले १४४० इ.लाई मानेका छन् । महाकवि विद्यापतिले मिथिलाका प्रसिद्ध विद्वान् पक्षधर मिश्रका पिता पण्डित हरि मिश्रसित संस्कृत साहित्यको शिक्षा ग्रहण गरेका थिए । उनका वंशज तत्कालीन मिथिलाका ओइनवारवंशीय राजाहरूका मन्त्री र राजपण्डितहरू थिए ।

महाकविका वंशजहरू काश्यपगोत्रीय मैथिली ब्राफमण थिए । उनी प्रसिद्ध सामवेदी बीजीपुरुष कर्मादित्य ठाकुरका वंशज थिए । महाकवि विद्यापति ठाकुर जन्मिएको गाउँ बिसफीका राजा शिवसिंहले उनको काव्यप्रतिभाबाट प्रभावित भई ‘दानपत्र’ नै दिएका थिए । उनका पिता गणपति ठाकुर राजा शिव सिंहका पिता देव सिंहका राजपण्डित भएका हुनाले महाकवि पनि पितासँगै राजदरबार गइरहन्थे । राजा शिव सिंह त्यस बखत युवराज भएका र विद्यापति पनि समवयस्क भएका हुनाले दुवैजनाबीच घनिष्ठ मित्रता थियो । पछि राजा शिव सिंहको राज्यारोहण भएपछि महाकविलाई राजपण्डितका रूपमा प्रतिष्ठापित मात्र गरिएन, आफ्ना निकटतम् सल्लाहकार मन्त्रीको दर्जासमेत प्रदान गरिएको थियो । महाकविको साहित्यिक प्रतिभा देखेर राजा शिव सिंहले उनलाई नवकविशेखर, कविकण्ठधर, अभिनव, जयदेव इत्यादि उपाधिद्वारा सम्बोधन गर्न थाले । महाकवि विद्यापतिले आफ्ना साहित्यिक कृति पूर्ववर्ती राजा कीर्ति सिंह, भोगीश्वर सिंह र भैरव सिंहको कृतित्व र वीरताका बारेमा सिर्जना गरेका थिए । उनको प्रथम रचना ‘कीर्तिलता’ मानिएको छ । यसमा राजा कीर्ति सिंहको यशगान गरिएको छ । राजा कीर्ति सिंहले जौनपुरका यवन सेनालाई पराजित गर्न सुल्तानसँग सहयोग लिई पुन: राज्य प्राप्त गरेको वीरताको वर्णन छ । ‘कीर्तिलता’ को हस्तलिखित पाण्डुलिपि काठमाडौंस्थित दरबार पुस्तकालयमा थियो । कलकत्ता विश्वविद्यालयका प्रसिद्ध विद्वान् हरप्रसाद शास्त्रीले उक्त पाण्डुलिपिका आधारमा सर्वप्रथम यसलाई प्रकाशित गरेका थिए । यो पुस्तक अत्यन्त महत्वपूर्ण मानिएको छ । यसमा तत्कालीन सामाजिक-आर्थिक अवस्थाको विस्तृत वर्णन छ । त्यस्तै ‘कीर्तिपताका’ उनको दोस्रो रचना मानिएको छ । यो राजा शिव सिंहको प्रशस्तिले भरिएको छ । यसको एकमात्र खण्डितप्रति काठमाडौंको दरबार पुस्तकालयमा उपलब्ध छ जसलाई भारतीय विद्वान् डा.उमेश मिश्रले पुन: प्रकाशित गरेका छन् ।

यी दुईवटै रचनाहरू अवहट्ट भाषामा छन् जसलाई विद्वानहरूले पूर्णरूपमा मैथिली नै मानेका छन् । त्यसैगरी महाकविका संस्कृत रचनाहरूमा ‘भूपरिक्रमा’, ‘पुरुषपरीक्षा’, ‘शैवसर्वस्वसार’, ‘गंगावाक्यावली’, ‘विभागसार’, ‘दानवाक्यावली’, ‘दुर्गाभक्ति’, ‘तरंगिणी’, ‘मणिमञ्जरी’, ‘लिखनावली’, ‘गयापत्तलक’, ‘वर्षकृत्य’ इत्यादि छन् । महाकविका मैथिली कृतिहरूमा ‘गोरक्ष विजय’, ‘मैथिली पदावली’, ‘रामभद्रपुर पदावली’, ‘तरौनी पदावली’, ‘रागतरंगिनी’, ‘भाषागीतसंग्रह’, ‘वैष्णव पदावली’ आदि छन् । यी सबै मैथिली साहित्यका धरोहर हुन् ।

महाकविको नेपाल प्रवासताक राजा शिव सिंहले आफ्नो राज्यमाथि जौनपुरको यवन सेनाले आक्रमण गर्दा आफ्नी रानी लखिमासहित राजपरिवारका अन्य सदस्यलाई आफ्ना निकटवर्ती घनिष्ठ मित्र द्रोणवारेश्वर राजा पुरादिव्य गिरी नारायणको राजधानी तत्कालीन सप्तरी जनपद (राज्य) को राजबनौली (हालको महोत्तरी) शरणस्थलमा महाकवि विद्यापतिको संरक्षणमा पठाएका थिए । राजा पुरादिव्यले महाकवि विद्यापतिलगायत राजपरिवारका सबै सदस्यहरूलाई ठूलो आतिथ्य प्रदान गरेका थिए । राजा पुरादिव्य महाकविको काव्यप्रतिभासँग पूर्वपरिचित भएका हुनाले उनलाई साहित्य सिर्जना गर्न प्रेरित गरे । त्यही सिलसिलामा विद्यापतिले ‘लिखनावली’ तथा ‘श्रीमद्भागवत पुराण’ को रचना गरेका थिए । ‘लिखनावली’ मा तत्कालीन सामाजिक र सांस्कृति अवस्थाबारे चित्रण गरिएको छ । त्यस कारण यसको ऐतिहासिक महत्व छ । उक्त पुस्तकमा महाकवि विद्यापतिले लेखेका निम्न श्लोकबाट धेरै कुरा स्पष्ट हुन आउँछ

**जित्वा शत्रुकुल तदीय वसुभिये**<br>
**नार्थिनस्तर्पिता**<br>
**दौर्छ्पर्जित सप्तरी जनपदे**<br>
**राज्यस्थिति: कारिता**<br>
**संग्रामेद्रर्जुन: भूपतिर्विनिहितो**<br>
**बन्धौ नृशंसायित**<br>
**स्तेनेय लिखनावली नृपपुरादिव्येन**<br>
**निर्भापिता ।।**

अर्थात् शत्रुदललाई पराजित गरी उसको धनराशिबाट जसले याचकवृन्दलाई सन्तुष्ट पायो र आफ्ना बाहुबलले सप्तरी राज्यमा जसले राज्यसत्ता स्थापना गर्यो तथा युद्धमा आफ्ना बन्धु शिव सिंहसँग निर्दयी व्यवहार गर्ने अर्जुन राजाको वध गयो उनै राजा पुरादिव्यले यस ‘लिखनावली’ को रचना गराउनुभयो । त्यसको रचना १४०८ इ.अर्थात् मिथिलाको लक्ष्मणसंवत् २९८ मा भएको थियो । त्यसै गरी महाकवि विद्यापतिले श्रीमद्भागवत पुराणको मैथिली संस्करणको रचना पनि गरे । उनी रानी लखिमालाई पतिवियोगको चिन्ताबाट मुक्त गर्नका लागि प्रत्येक बिहान श्रीमद्भागवत श्रवण गराउँथे । श्रीमद्भागवत पुराणको प्रतिलिपिको अन्त्यमा ‘लक्ष्मणसंवत् २९९ सुदि १५ कुजे राजा बनौली ग्रामे श्रीश्रीविद्यापतिर्लिपरियमिति’ भनी लेखिएको छ । अर्थात् लक्ष्मणसंवत्सित गणना गर्दा १४१८ इ.मा लेखिएका हुँदा दुईवटै कृतिको रचनाकालमा दस वर्षको अन्तर देखिन्छ ।

यसरी महाकवि विद्यापतिको नेपाल प्रवासकाल एक दशकभन्दा बढी रहेको देखिन्छ । माथिको श्लोकबाट महाकवि विद्यापतिले स्पष्ट गरेका छन्- सप्तरी जनपद (राज्य) अन्तर्गत ‘राजबनौली’ भन्ने स्थानमा ‘लिखनावली’ र ‘श्रीमद्भागवत पुराण’ राजा पुरादिव्यको आज्ञा र सहयोगबाट लेखिएको हो । कतिपय विद्वानहरूले ‘सप्तरी जनपद’ को गलत अर्थ लगाई सर्वसाधारणमा भ्रम सिर्जना गरेका छन् । ती विद्वानहरू ‘जनपद’ को अर्थ जिल्ला लगाउँछन्, जबकि यो शब्दलाई जिल्ला नभएर राज्यको अर्थमा ऐतिहासिक ग्रन्थहरूमा लिइएको छ । त्यसैले सप्तरी ‘जनपद’ को अर्थ यहाँनिर राज्य नै हुन आउँछ । त्यति बेला विशाल सप्तरी राज्यअन्तर्गत अहिलेका सप्तरी, सिराहा, धनुषा, सर्लाही र महोत्तरी जिल्लाहरू पर्दथे ।

त्यस कारण ‘सप्तरी जनपद’अन्तर्गत नै हालको महोत्तरी जिल्ला अन्तर्गत जनकपुरदेखि सात किलोमिटर पश्चिम-दक्षिण स्थित बनौली ग्राम नै विद्यापतिको प्रवासकालीन राज्य बनौली हो । त्यहाँ महाकवि विद्यापति बाह्र वर्ष बसी साहित्यसाधना गरी मैथिली साहित्यलाई अमूल्य ग्रन्थ अर्पण गरेका थिए । मैथिली साहित्यका भारतीय र नेपाली विद्वानहरूले पनि एकै स्वरले महोत्तरीकै बनौलीलाई विद्यापतिकालीन बनौली मानेका छन् । यसरी महाकवि विद्यापतिले आफ्नो नेपालको प्रवासकालमा मैथिली साहित्यको अभिवृद्धिमा अतुलनीय योगदान पुऱ्याएकोमा द्विमत छैन । उहाँको मृत्यू गंगा किनारमा कार्तिक शुल्क तृतीयाको दिन भएको थियो । त्यसैले भनिन्छ, ‘कार्तिक धवल त्रयोदशी जान, विद्यपति लेल अवसान ।’

**-इहिमालयटाइम्स डटकम**

# मुक्तिनाथ सहकारीको अधिवेशन : अध्यक्षमा पन्थी

कृष्ण पोखरेल

**पाल्पा,** मंसिर २८/मुक्तिनाथ कृषि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड तानसेन पाल्पाको ११ औं साधारणसभा तथा चौथो अधिवेशन तानसेनमा भएको छ । साधारण सभा तथा अधिवेशनको संस्थापक अध्यक्ष भुषण राजलवटले शुभारम्भ गरे ।



कार्यक्रममा बोल्दै संस्थापक अध्यक्ष राजलवटले संस्थाले आफ्नो लक्ष्य उद्देश्य अनुसार काम गर्दै जानुपर्नेमा जोड दिए । संस्थाले कृषि उत्पादनलाई विविधिकरण गरेर, कृषकहरुसँग जोडिएर, उत्पादनलाई बजारीकरणमा हातेमालो गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा सल्लाहकार मोहन प्रसाद श्रेष्ठ, पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराईले स-सानो पुँजी संकलन गरेर सहकारीले आवश्यक कामकाजमा परिचालन गरेर राम्रो काम गरेको बताए । कार्यक्रममा संस्थाका अध्यक्ष देबबहादुर पचभैयाले वार्षिक प्रतिवेदन, सचिव शंकर भण्डारीले सांगठानिक प्रतिवेदन, कोषाध्यक्ष समिरमान सिंहले आर्थिक प्रतिवेदन, लेखा समिति संयोजक पर्शुराम सापकोटाले लेखा प्रतिवेदन पेश गरेका थिए । सहकारी संस्थामा ५०४ जना महिला र ७५२ पुरुष गरी १ हजार २ सय ५६ जना शेयर सदस्यहरु रहेका छन् । सहकारी संस्थामा ९९ लाख ७५ हजार १ सय रुपैयाँ संस्थापक शेयर पुँजी रकम रहेकोमा ४ करोड ४० लाख रुपैयाँ बचत, ४ करोड ७३ लाख कर्जा लगानी, व्याज आम्दानी ६९ लाख ७४ हजार र वार्षिक कुल कारोबार ८ करोड ५५ लाख रुपैयाँ भएको वार्षिक कारोवार गरेको छ । चौथो अधिवेशनबाट विनोद पन्थीको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ । संस्थाको उपाध्यक्षमा शंकर भण्डारी, सचिवमा समिरमान सिंह र कोषाध्यक्षमा विमला शाक्य बज्राचार्य चयन भएका छन् । कार्यसमिति सदस्यहरुमा फर्शुराम सापकोटा, उत्तम कुमार बज्राचार्य, सुनिता कुमारी प्रधान, रविमोहन श्रेष्ठ र लेखा समिति संयोजकमा विनायक महर्जन, सदस्यमा कमल श्रेष्ठ र प्रविन ब्रचार्य चयन भएका छन् ।

# आज पूर्णिमा व्रत र दत्तात्रेय जयन्ती

**पाल्पा,** मंसिर २८/आज पूर्णिमा व्रत र दत्तात्रेय जयन्ती एक दिन परेको छ । शुक्ल पक्षको अन्तिम दिन पूर्णिमा हो । यस तिथिमा चन्द्रमा सर्वाधिक चम्किलो र तेजिलो रूपमा रहेको हुन्छ ।




यस दिन व्रत बस्नाले चन्द्रमाको असीम कृपा प्राप्त हुने र स्वास्थ्य, समृद्धि र शान्ति प्राप्त हुने विश्वास छ । पूर्णिमाको दिन विशेषगरि भगवान् शिव र विष्णुको आराधना गरिन्छ । भगवान् विष्णुलाई गरिने विशेष अर्चनालाई सत्य नारायण पुजा को स्वरूपमा गरिन्छ ।

सामान्यतया सत्य नारायण पूजा जहिले गरे पनि हुने कार्य हो यद्यपि पूर्णिमाको दिनमा गरिने यस पुजा को फल निकै धेरै पाइन्छ ।

वैज्ञानिक हिसाबले हेर्दा पूर्णिमाको दिन पृथ्वीमा गुरुत्ववलको प्रभाव धेरै रहने र यस दिन व्रत बसेर भगवानको नाम सुमरण गर्दा आत्म शुद्धि हुने बताइन्छ । व्रत बस्नाले मेटावोलीक प्रक्रिया सुदृढ रहने, ग्यास्ट्रिक समस्याहरू हल भएर जाने र शरीरमा सकारात्मक ऊर्जा बढ्ने हुन्छ । यस दिनको व्रत बिहान सूर्योदयको समयबाट साँझमा चन्द्रोदय भएसम्म गरिन्छ । कसै कसैले निराहार र निर्जल बसेर यस व्रत लिन्छन् भने कसै कसैले एक छाक मात्र खाएर, अलिनो आहार ग्रहण गरेर व्रत बस्दछन् ।

साँझमा चन्द्रोदय पछि चन्द्रमाको दर्शनसँगै व्रत समापन हुन्छ । यस्तै भगवान् विष्णुको अवतार दत्तात्रेय भगवानको आज जन्म जयन्ती हो । तीन शिर र छ हातहरू भएका दत्तात्रेय भगवानलाई विष्णु भगवानको अंशको रूपमा मानिन्छ । आज उनको जन्म जयन्तीको दिन दत्तात्रेय भगवानको बाल रूपको पूजा अर्चना गरिन्छ । भगवान् दत्तात्रेयबाट वेद र तन्त्र मार्गलाई एकीकृत गरी एउटै सम्प्रदाय निर्मित भएको थियो । सत्य युगमा गुरु र शिष्यमाझ हुने उपदेश आदान प्रदानको परम्परा क्षीण हुँदै गएको र श्रुतिहरू लोप हुन लागेको अवस्थामा विलक्षण स्मरण शक्तिका माध्यमबाट यस परम्परालाई पुनर्स्थापना गर्न एवं वैदिक धर्मलाई पुनर्जीवित तुल्याउन भगवान् विष्णुले दत्तात्रेयका रूपमा अवतार लिनुभएको धार्मिक मान्यता रहिआएको छ ।

## खेलकुद समाचार

# चितवनलाई हराउँदै विराटनगरको दोस्रो जीत



**काठमाडौं,** मंसिर २८/नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटमा विराटनगर किङ्गसले दोस्रो जीत हात पारेको छ । विराटनगरले चितवन राइनोजलाई ५१ रनले हरायो ।

विराटनगरले दिएको १ सय ८२ रनको लक्ष्य पछ्याएको चितवनले २० ओभरमा ६ विकेट गुमाएर १ सय ३० रनमात्र बनाउन सक्यो । चितवनका अमर रौटेलाले सबैभन्दा धेरै ४२ रन बनाए । विराटनगरका कप्तान सन्दीप लामिछानेले २ विकेट लिए । यसअघि कीर्तिपुरको त्रिवि मैदानमा टस जितेर ब्याटिङ गरेको विराटनगरले २० ओभरमा ५ विकेट गुमाएर १ सय ८१ रन बनायो । विराटनगरका बसिर अहमदले नटआउट ६८, मार्टिन गप्टिलले ४५, राजेश पुलामीले नटआउट ३३ रन बनाए । चितवनका रिजन ढकालले २ विकेट लिए । यो जीतसँगै विराटनगर ६ खेलमा ४ अङ्कसहित तालिकाको पाँचौं स्थानमा उक्लिएको छ । चितवन ६ खेलमा ६ अङ्कसहित चौथो स्थानमा छ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५–५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# कुमारी बैंकको अब युनियनपे कार्ड प्रयोग गर्न सकिने




**पाल्पा,** मंसिर २८/कुमारी बैङ्क लिमिटेडले आफ्नो एटिएम तथा पीओएस (पोइन्ट अफ सेल) टर्मिनलहरूमा युपिआई (युनियनपे इन्टरनेशनल)का कार्डहरू स्वीकार गर्ने भएको छ ।

डिजिटल भुक्तानी प्रणालीलाई प्रवर्द्धन गर्दै ग्राहकहरूलाई थप सहज, सुरक्षित र आधुनिक बैङ्किङको अनुभव उपलब्ध गराउने लक्ष्यका साथ, यो सुविधा नेपाल भर कुमारी बैङ्कका सम्पूर्ण एटिएम तथा पीओएस टर्मिनलहरूमा उपलब्ध हुनेछ । यो सुविधाबाट अब युपिआई कार्ड प्रयोगकर्ताहरूले कुमारी बैङ्कको एटिएम मार्फत रकम झिक्न र पीओएस टर्मिनल मार्फत खरिद भुक्तानी गर्न सहज हुने साथै यसले व्यापारीहरूलाई पनि लाभ हुने विश्वास बैङ्कले लिएको छ । बैङ्कले आफ्नो सेवाको दायरालाई व्यापक बनाउँदै, डिजिटल नेपालको अभियानमा थप योगदान पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेको छ । विगत २३ वर्ष देखि निरन्तर बैङ्किङ सेवा दिँदै आएको कुमारी बैङ्कले अनवरत रूपमा वित्तीय साक्षरता प्रवर्द्धन गर्दै आफ्ना देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१५ एटिएम, ५० एक्सटेन्सन काउन्टर तथा ५४ शाखा रहित बैङ्किङ इकाईहरू मार्फत आफ्ना ग्राहक वर्गलाई सहज, सुरक्षित, अत्याधुनिक तथा प्रभावकारी सेवाहरू प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरूमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरू गर्दै जाने समेत प्रतिबद्धता जनाएको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

# पालपा पत्रकार महासंघ...

...उनका अनुसार एक जना दलित सदस्यका लागि डोलबहादुर विक र हरिबहादुर विकको उम्मेदवारी परेको हो । मतदान शुक्रबार साँझ ४ बजे सकिए पनि राती अवेरसम्म मतगणना सकिएको थिएन । यो समाचार तयार पार्दासम्म मत गणनाको अन्तिम नतिजा भने प्रकाशन भएको छैन् ।

निर्वाचनका लागि पाल्पामा विभिन्न पदमा २३ जनाले उम्मेदवारी दिएका थिए । २३ वटा पदका लागि भएको निर्वाचनमा २४ जनाले उम्मेदवारी दर्ता गराएको निर्वाचन समितिका सदस्य भरत आचार्यले जानकारी दिए । २४ जनामा केही उम्मेदवार भने निर्विरोध निर्वाचित भएका छन् । महासंघ पाल्पाको उपाध्यक्षका लागि नेपाल प्रेस युनियन र प्रेस चौतारी नेपालको साझा उम्मेदवारको मुक्ति प्रसाद न्यौपाने र बन्दना पोखरेलको उम्मेदवारी परेको थियो । उपाध्यक्षमा खुला एक र महिलामा एक जनाको मात्र उम्मेदवारी परेकाले उनीहरु दुवै जना निर्विरोध निर्वाचित भए ।

यस्तै खुला सह-सचिवमा नेपाल प्रेस युनियन र चौतरीका साझा उम्मेदवार दुर्गेस मल्ल र समावेशी सहसचिवमा दानबहादुर हिस्कीले उम्मेदवारी दिएकोमा दुवै जना निर्विरोध निर्वाचित भएका छन् । त्यस्तै कोषाध्यक्षमा नेपाल प्रेस युनियन र चौतरीका साझा उम्मेदवार विजय बौडेलको मात्र उम्मेदवारी परेकाले उनी निर्विरोध निर्वाचित भएका छन् । त्यस्तै ४ वटा खुल्ला सदस्य पदमा दयाराज न्यौपाने, दिपक ढुंगाना, नेत्र गैरे, सुनिल कार्की र महिला सदस्यमा शुसिला रेग्मीको उम्मेदवारी परेकोमा उनीहरु पनि निर्विरोध भएका छन् ।

यस्तै जनजाति तर्फको सदस्यमा धनबहादुर ठाडाको मात्रै उम्मेदवारी परेकाले उनी निर्विरोध भएका छन् । समावेशी सदस्यमा भने कसैको पनि उम्मेदवारी नपरेको निर्वाचन समितिका सदस्य भरत प्रसाद आचार्यले जानकारी दिए । यसैगरी ३ वटा राष्ट्रिय परिषद सदस्यमा यज्ञमूर्ति तिमिल्सेना, सीतादेवी डोटेल, राजेन्द्र लिगलको उम्मेदवारी परेको छ । तीनै जना र्निविरोध भएका छन् । प्रदेश परिषद सदस्यमा ५ जनामा ४ जनाको उम्मेदवारी परेको छ । जसमा कृष्णप्रसाद पोखरेल, दीपक भट्टराई, पवित्रा घिमिरे र इमानसिं रानाको उम्मेदवारी परेको छ । उनीहरु पनि निर्विरोध निर्वाचित भएका छन् । शुक्रबार नै महासंघको तीनै तहमा निर्वाचन भएको हो । केन्द्रीय समिति, प्रदेश समिति र जिल्ला शाखा तथा प्रतिष्ठान शाखामा नयाँ नेतृत्व चयनका लागि चुनाव भएको हो ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई